# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग सम्बन्धित सार्वजनिक विवरण

१. **निकायको स्वरुप र प्रकृति :**
- वि.सं.२०४८ साल चैत्र ३० गते व्यास नगरपालिका नामाकरण गरी स्थापना भएको यस नगरपालिका वि.स.२०७३ फागुन २७ गते स्थानीय तहमा परिणत भई लागु भएको

२. **निकायको काम, कर्तव्य र अधिकार :**
-स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभा संचालन कार्यविधि २०७४, नगरपालिका (कार्यविभाजन) नियमावली २०७४, नगरपालिकाको (कार्य सम्पादन) नियमावली २०७४, निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४, व्यास नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४, व्यास न.पा. आर्थिक ऐन २०७४, विनियोजन ऐन २०७४ ले तोके अनुसार र अन्य नगरपालिकाले निर्माण गरेका ऐन नियम अनुसार

३. **कर्मचारी संख्या र कार्य विवरण :**
-स्वीकृत दरबन्दी १९६ रहेको जसमा १९१ जना पदपूर्ति भएको ।

४. **नगरपालिकाबाट प्रदान गरिने सेवा :**
- नगरपालिका (कार्यविभाजन) नियमावली २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसार ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकिएको

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
-दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेव साइटमा पनि राखिएको ।

७. **निर्णय गर्ने प्रकिया र अधिकारी :**
-वार्षिक नगर विकास योजना नगर सभाको बैठकले स्वीकृत गर्ने गरेको,
-अन्य निर्णयहरु नगरपालिका कार्यपालिका बैठकले गर्ने गरेको,
-अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारिसमा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** अधिकृत आठौं श्री केदारराज आचार्यलाई तोकिएको

१०. **नगरपालिकाको प्रवक्ता :** वडाध्यक्ष सुरेश थापा

११. **प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको नाम र पद :**
-प्रमुखः श्री वैकुण्ठ न्यौपाने उपप्रमुखः श्री इन्दिरा दरै, प्रमुख प्रशासकीय अधिकृतः श्री काशी राम गैरे
-सूचना अधिकारी श्री केदारराज आचार्य (अधिकृत दशौं)

१२. **सम्पादन गरेको कामको विवरण :**
-समीक्षा बैठक, वार्षिक कार्यक्रमहरुमा प्रस्तुत तथा प्रकाशन गर्ने गरिएको,
-सरोकारवाला निकाय र व्यक्तिलाई मागेको अवस्थामा उपलब्ध गराउने गरिएको साथै सम्पूर्ण विवरणहरु वेव साइटमा राखिएको ।

१३. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
-नगरपालिका स्थापना कालदेखि हालसम्मको आम्दानी खर्चहरुको विवरण वेवसाइटमा राखिएको र आ.व.०८१।८२ को चैत्र मसान्तसम्म यथार्थ आम्दानी रु.८८,५४,३९,५१०।३१, खर्चतर्फ प्रशासनिक खर्च रु.५५,७२,५७,३००।९२ र विकास खर्च रु.१८,६१,३३,८८३।१० रहेकोछ ।
-आन्तरिक लेखापरीक्षण शाखा स्थापना भएको र अन्तिम लेखापरीक्षण हरेक वर्ष सम्पन्न भएपछिको वर्षमा गर्ने गरिएको ।

१४. **ऐन, नियम, विनियम वा निर्देशिकाहरु :** न.पा.बाट निर्माण गरिएका कानुनहरु वेवसाइटमा राखिएको ।

***